# कालिका गाउँपालिकाको आ.व. २०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

# २०८१

## कालिका गाउँपालिका

धैबुङ, रसुवा

*"समृद्ध कालिकाको आधार, शिक्षा, स्वास्थ्य र पूर्वाधार"*

# कालिका गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम, २०८१

## दीर्घकालीन सोँच

- शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको साथै समृद्ध पालिका बनाउनमा जोड दिने ।
- कालिका गाउँपालिकालाई सुन्दर तथा समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने ।

## प्रमुख नीति तथा कार्यक्रमहरू

## आर्थिक विकास तर्फ

- **कृषि तथा पशु सम्बन्धी नीति**

१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ, प्रतिस्पर्धी क्षमता तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप एवम् क्षमता विकास गर्दै उपयुक्त कृषि प्रविधिको समेत उपयोग मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गर्दै लगिनेछ, यसका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका साधन स्रोतहरुको संयुक्त लगानी र साझेदारीमा जोड दिइनेछ।

२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तारका लागि यथार्थपरक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न कृषकहरुको वास्तविक अवस्था तथा सम्भाव्यता पहिचानका लागि तथ्याङ्क सङ्कलन कार्यलाई सम्पन्न गरिनेछ।

३. कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन वृद्धिमा जोड दिइनेछ ।

४. कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि ५० प्रतिशत अनुदानमा धान मकै लगायत को बिउ बिजन उपलब्ध गराइनेछ।साथै ५० प्रतिशत अनदानमा मौसमी तथा बेमौसमी तरकारीको बिउ वितरण गरी गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

५. कृषि तथा पशुपालनलाई विविधीकरण तथा व्यवसायीकरण गर्न कृषकहरुलाई सहज, सरल, सुलभ र प्रभावकारी प्राविधिक सहायता उपलब्ध गरानेछ ।

६. दुध तथा दुग्ध पदार्थहरुको उत्पादनलाई वृद्धि गर्न विगत वर्षमा सञ्चालन गरिएको पशु तथा पंक्षीपालन तर्फको अनुदानको नतिजा एवम् प्रभावको मूल्याङ्कन गरी आगामी दिनमा दुग्ध उत्पादनमा जोड दिदै उत्पादित दुधको बजारीकरण सहयोग पुर्याइ दुधमा आत्मनिर्भर बनाइ दुध उत्पादनमा आधारित अनुदानको कार्यक्रमलाई निरन्तरता दिदै दुधको संकलन तथा बजारीकरणमा सहयोग पुर्याउने नीति लिइनेछ ।

७. गाउँपालिकालाई क्रमशः विषादीरहित कृषि उत्पादन तर्फ उन्मूख गराउन किसानहरुमा सचेतना अभिवृद्धि गर्दै प्राविधिक ज्ञान उपलब्ध गराईनेछ । यसका लागि कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी किसानको खेतबारीमा परिचालन गरिनेछ।

८. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार (कृतिम गर्भाधान तथा प्राकृतिक गर्भाधान) पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत कालिका गाउँपालिकालाई पशुपालन पकेट क्षेत्रको रूपमा विकास गर्न सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९. रेविज लगायतका रोग नियन्त्रणका लागि खोप कार्यक्रम निरन्तरता दिइनेछ।

१०. सबै वडामा किसानहरुको सहज पहुँचता स्थापित गरी सेवा प्रवाहलाई छिटो छरितो बनाई प्रभावकारी बनाउन कृषि र पशुसेवा एकाईहरुको क्षमता विकास गरिनेछ ।

११. यस कालिका गाउँपालिका अन्तर्गत रहेका कृषकहरुको पशुपन्छीहरुलाई उपचार तथा संरक्षणका लागि पशुपन्छी औषधि, उपकरण तथा खोप सेवा कार्यक्रम सञ्चालन गरिनेछ।पशु विमामा गाउँपालिकाको तर्फबाट दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

१२. कृषि क्षेत्रमा सञ्चालित एक गाउँ एक प्राविधिक कार्यक्रमलाई सङ्घीय सरकारसँग साझेदारीमा निरन्तरता दिइनेछ।

- **उद्योग तथा वाणिज्य सम्बन्धी नीति**

१. उद्यमीहरुको क्षमता तथा सीप विकासका लागि आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।

२. स्थानीय श्रम, पुँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापनामा जोड दिइनेछ। यसमा सङ्घीय र प्रादेशिक सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक हकको सुनिश्चितताको लागि पालिकाभित्रका सबै किसिमका व्यापार व्यवसायको नियमित अनुगमन गर्नुका साथै बजार केन्द्रमा रहेका पसलहरुमा उपभोग्य वस्तुको मूल्यसूची राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

४. तालिम प्राप्त उद्यमीहरुको अभिलेख व्यवस्थापन गरी व्यवसायीक विकासमा सहयोग पुर्याउन ऋणपुँजी परिचालनका लागि व्याज अनुदानको लागि कोष स्थापना गरी कार्यविधी बनाएर कार्यान्वयनमा ल्याईनेछ ।

५. औद्योगिक ग्राम स्थापनाका लागि उपयुर्क्त स्थान पहिचान गरी ग्राम स्थापना गर्न संघिय सरकार र प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

६. बैन पैदावरमा आधारित काष्ठ तथा जडीवुटी जन्य उद्योगको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय निकुञ्ज सँगको समन्वयमा जडिवुटी उत्पादन तथा प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

- **पर्यटन विकास तथा संस्कृती सम्बन्धी नीति**

१. ऐतिहासिक रुपमा प्रसिद्ध र धार्मिक रुपमा पवित्र स्थल कालिका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक धार्मिक तथा पर्यटन पूर्वाधारका कार्य गर्न नेपाल सरकार तथा प्रादेशिक सरकारका पर्यटनसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

२. कालिका-२, स्याउबारीमा पिकनिक स्पट र पार्क तथा बुद्ध मन्दिर निर्माणका कार्यलाई निरन्तरता दिई आगामी आर्थिक वर्ष सम्पन्न गरिनेछ।

३. धार्मिक पर्यटनलाई पर्यटन उद्योगको एक महत्वपूर्ण अङ्गको रुपमा विकास गर्न कालिका-५, जिवजिवेमा निलकण्ठ महादेव शिव मूर्ति निर्माण चालु आ.व.मा सम्पन्न भएको हुँदा पार्कको रुपमा विकास गर्न अन्य आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ ।

४. कालिका स्याउबारीदेखि गोसाईकुण्ड पदमार्ग निर्माण कार्य अघि बढाइनेछ र उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्थाका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

५. पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट होमस्टे खोल्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नुका साथै पर्यटकीय क्षेत्रको प्राकृतिक सौन्दर्यता एवम् वातावरणीय स्वच्छता खलल पर्न नदिने तर्फ समेत विशेष ध्यान दिने नीति अवलम्वन गरिनेछ।

६. परम्परागत मूल्य र मान्यता तथा संस्कृतिको जगेर्ना गर्न पर्याप्त ध्यान दिईनेछ। विदेशी संस्कृति आत्मसात गर्दा आफ्नो परम्परा र संस्कृतिको अतिक्रमण हुनसक्ने तर्फ विशेष निगरानी गरिनेछ।

७. कृषी तथा पर्यापर्यटनका लागि फार्म हाउस तथा होमस्टेलाई प्रोत्साहन गरिनेछ ।

८. साहसिक पर्यटनको रुपमा रक क्लाईमिङका लागि कालिका गाउँपालिका वडा नं. १ को विभिन्न स्थानहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।

९. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा सांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु प्रयोग गरी निर्माण गरिनेछ।

१०. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

११. गाउँपालिका भित्र आयोजना हुने मेला तथा महोत्सव लगायत विभिन्न कार्यक्रमहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

- **सहकारी सम्बन्धी नीति**

१. सहकारी क्षेत्रलाई छरिएर रहेका स्थानीय पुँजीको व्यवस्थापन गर्दै उद्यम व्यवसायको प्रवर्धनमा परिचालन गरिनेछ।

२. सहकारी संस्थाहरुलाई विद्यमान अवस्थामा रोजगारी सिर्जना तथा गरिबी निवारण तर्फ निर्देशित गरी सहकारीका क्रियाकलापहरुलाई कृषि, लघु उद्यम, साना उद्योग, स्वरोजगारमूलक उद्यम एवम् उत्पादनशील क्षेत्रसँग जोड्दै लगिनेछ ।

३. सहकारी संस्थाहरुलाई बचत र ऋणको सघनताबाट आय आर्जन र रोजगारी सिर्जना तर्फ केन्द्रीत गर्न प्रोत्साहित गरिनेछ।

४. सहकारी संस्थाबाट आयआर्जनमूलक तथा स्वरोजगारमूलक कार्यमा पुँजी परिचालन गर्दा विपन्न वर्ग, महिला, सीमान्तकृत, दलित र अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरुलाई विशेष प्राथमिकता दिन आवश्यक व्यवस्था मिलाईनेछ।

५. गाउँपालिका भित्र रहेका सबै सहकारीको एकिकृत तथ्याङ्क व्यवस्थापन गरी सक्रिय/निस्क्रिय/समस्या ग्रस्त सहकारीहरुको पहिचान सहित आवश्यक नियमन गरिनेछ ।

## सामाजिक विकास तर्फ

- **शिक्षा सम्बन्धी नीति**

१. गुणस्तरीय शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारको प्रत्याभूतिका लागि स्थानीय तहको रुपमा संविधान प्रदत्त माध्यामिक शिक्षासम्मको अधिकार क्षेत्र अनुरुप गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घीय तथा प्रादेशिक सरकारका नीति तथा कार्यक्रमसँग एकाकार गर्दै दक्षतापूर्ण कार्यान्वियन गरिनेछ।

२. विद्यालयमा आधुनिक उपकरणयुक्त विज्ञान प्रयोगशाला निर्माण तथा सञ्चालन गर्न शुरु गरिएको कार्यक्रमलाई क्रमशः सबै विद्यालयमा विस्तार गर्न संघीय र प्रादेशिक सरकारसँग सहकार्य गरिनेछ।

३. सङ्घीय सरकारबाट विद्यालयको शैक्षिक पूर्वाधार निर्माण तथा विकासका लागि प्राप्त हुने सबै प्रकारका अनुदान तथा सशर्त रकमबाट हुने क्रियाकलापलाई गाउँपालिकाबाट नियमित अनुगमन गरी उत्कृष्ट कार्य गर्ने विद्यालयलाई प्रोत्साहित गर्ने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वियन नगर्ने विद्यालयलाई पुनः कार्यक्रम स्वीकृति एवम् विनियोजनका क्रममा प्राथमिकतामा नराख्ने नीति लिईनेछ ।

४. आधारभूत तहका साना कक्षाका विद्यार्थीहरुलाई प्रदान गरिदैं आएको दिवा खाजा कार्यक्रममा गाउँपालिकाको तर्फबाट थपिदै आएको अनुदानलाई निरन्तरता दिंदै त्यसको प्रभावकारी व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाईनेछ।

५. विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा सहित सबैभन्दा उच्च दरमा विद्यार्थी उत्तीर्ण गराउने विद्यालय र विषयगत शिक्षकहरूलाई प्रोत्साहित गरिनेछ ।

६. विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई थप प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउनुका साथै नतिजामूलक र सक्षम व्यवस्थापन गरिनेछ ।

८. आधुनिक शिक्षण पद्धतिलाई अभिवृद्धि गर्दै सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा विद्यालयस्तरमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

९. उत्कृष्ट, जेहेन्दार तथा दलित समुदायका छात्रछात्राहरुलाई विज्ञान सङ्काय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै गाउँपालिका भरका बुहारी विद्यार्थिहरुका लागि उच्च शिक्षामा प्रदान गरिदै आएको छात्रवृत्तीलाई निरन्तरता दिइनेछ ।

१०. गाउँपालिका क्षेत्रबाट नै उच्च शिक्षा प्रदान गर्न कालिका हिमालय क्याम्पसको व्यवस्थापनमा सहयोग गरिनेछ।

११. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि विकास र विस्तार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१२. सामुदायिक विद्यालयको सुदृढीकरण तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई समायोजन तथा एकीकरण गर्ने वा कक्षा घटाएर सञ्चालन गरिनुका अलावा विद्यार्थी संख्या र शैक्षिक गुणस्तरलाई ध्यान दिई तत्कालिन समस्या समाधानको लागि अनुदान तथा स्वयंसेवक शिक्षकको व्यवस्था गर्नुका साथै दिर्घकालिन समस्या समाधानका लागि विद्यालय समायोजन तथा एकिकरण गरी शिक्षक दरवन्दी मिलान गरिनेछ।

१३. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ।

१४. विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पुऱ्याउने हानिकारक खाना (जङ्क फुड) लाई विद्यालय हाताभित्र निषेध गरिनेछ।

१५.आधारभूत तह उतिर्ण परीक्षा (कक्षा ८) को प्रति विद्यार्थी परीक्षा शुल्क सङ्घीय सरकारले तोकेअनुसारको रकम संस्थागत विद्यालयहरुले रकम जम्मा गर्ने नीति लिइनेछ।

१६.पालिका भरका सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्थापन गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

१७.कालिका -५ को निलकण्ठ नमूना मा.वि.मा संचालनमा रहेको प्राविधिक शिक्षालाई व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

१८.अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

१९. गाउँपालिकाको समग्री शिक्षा नीति निर्माण गर्नुका साथै पालिकामा विद्यामान रहेका ऐन, नियम, कार्यविधि र योजनाहरुलाई समसामयिक संशोधन तथा परिमार्जन गरि कार्यान्वयनमा ल्याईनेछ ।

## ➢ युवा तथा खेलकुद सम्बन्धि नीति

१. युवाहरुको सर्वाङ्गिण विकासका लागि मागमा आधारित यूवा सिप विकास तालिम कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

२. युवाहरुलाई रोजगारीमा जोड्न रोजगार तथा वेरोजगार युवाहरुको योग्यता क्षमता सहितको अभिलेख व्यवस्थापन गरी रोजगार बैंकको रुपमा स्थापना गरिनेछ ।

३. लघु उद्यम विकास कार्यक्रम तर्फ उद्यमी छनोट तथा व्यवसाय प्रवद्दर्धन अनुदान सहयोग गर्दा युवा युवतीहरुलाई प्राथमिकतामा राखिनेछ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रममा वेरोजगारहरु सूचिकृत गर्दा युवा उमेरकालाई प्राथमिकतामा राख्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अनुरोध गरिनेछ।

५. उपभोक्ता समितिहरु गठन गर्दा समितिको पदाधिकारी तथा सदस्यहरु चयन गर्दा युवाहरुलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

६. युवाहरुको सिप दक्षता तथा प्रतिभाको पहिचान तथा कदर गर्न संघिय सरकार र प्रदेश सरकार सँगको सहकार्यमा एक युवा प्रतिभा प्रदर्शनी मेला आयोजना गरिनेछ ।

७. तालिम प्राप्त/सिप युक्त र बैदेशिक रोजगारबाट फर्कियका र स्वदेशमै केही उद्यम गरी स्वरोजगारमा जोडिन ईच्छुक युवाहरुलाई स्थानीय कच्चा पदार्थमा आधारित तथा कृषिमा आधारित उद्यम व्यवसाय संचालनका लागि व्यवसायीक अनुदान सहयोग तथा प्रविधिमा अनुदान सहयोग गर्नुका साथै विभिन्न बैंक तथा वित्तिय संस्थाहरु सँगको सहकार्यमा व्याजमा अनुदान दिन नीति लिईनेछ ।

८. खेलप्रेमी युवाहरुको खेलकुद प्रतिको भावनालाई कदर गर्दै एक वडा एक खेल मैदान निर्माण गरि संचालनमा ल्याउने तथा विभिन्न खेलकुद कार्यक्रमहरु आयोजना गर्ने तथा गर्नका लागि अनुदान सहयोग गर्ने नीति लिईनेछ ।

९. कालिका गाउँपालिका वडा नं. ३ मा वागमती प्रदेश सरकार सँगको साझेदारीमा निर्माण भैरहेको शहिद स्मृति खेल मैदान निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गर्न संघिय सरकार र प्रदेश सरकार सँग साझेदारी गरिनेछ ।

१०. युवा मैत्री पालिका घोषणाका लागि आवश्यक आधारभूत मापदण्ड पुराहुने गरी कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने नीति लिईनेछ ।

११. स्वयंसेवी युवाहरुलाई संगठित गरी गाउँपालिकाको विकास निर्माण लगायत विभिन्न क्षेत्रमा सहयोग पुर्याउन प्रत्येक वडामा एक युवा स्वयंसेवक समुह र पालिका स्तरमा युवा स्वयंसेवक समन्वय समिति गठन तथा परिचालनका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१२. कृषि तथा पशु तर्फको व्यवसायीक अनुदानका लागि उद्यमी छनोट गर्दा युवाद्धारा संचालित उद्यम तथा व्यवसायलाई प्रथमिकतामा राखिनुका साथै प्रदेश सरकार र संघिय सरकारका निकायलाई अनुरोध गरिनेछ ।

१३. युवाहरुको सिप विकासका लागि पालिकास्तरमा मागमा आधारित तालिम संचालन गर्न संघिय सरकार र प्रदेश सरकार सँगको साझेदारीमा ईलम प्रशिक्षण केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

१४.दिनानुदिन युवा वर्गमा देखिएको दुरव्यसनीलाई निरुत्साहीत गर्न प्रहरी प्रशासन र अन्य संघ संस्थाको सहयोग लिई युवा लक्षित कार्यक्रम संचालन गरिने छ ।

१५.युवाहरूमा रहेको अन्तरनिहित प्रतिभा उजागर गर्न युवा प्रतिभा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

➢ **स्वास्थ्य सम्बन्धि नीति**

१. गर्भवती महिलाको पोषणमा सहयोग पुर्याउन आण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. महामारीको रुपमा फैलिएको विभिन्न सर्ने तथा नसर्ने रोगको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार एवम् प्रादेशिक सरकारसँग सहकार्य गरिनेछ ।

३. गाउँपालिका अन्तर्गत सञ्चालित जिवजिवे ग्रामीण अस्पताल तथा सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ। निःशुल्क वितरण गरिने औषधीको उचित प्रबन्ध गर्नुका साथै सशुल्क अत्यावश्यकीय औषधीहरूलाई हरेक स्वस्थ्य संस्थाबाट सर्वसुलभ रुपमा बिक्री वितरण हुने व्यवस्था मिलाइनेछ ।

४. गाउँपालिका क्षेत्रभित्रका विपन्न तथा अति गरिबलाई स्वास्थ्य संस्थाबाट जटिल समस्या हुँदा निशुल्क आकस्मिक रेफरल ऐम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाबाट अन्तर्गतका स्वास्थ्य संस्थाको क्षमता बाहिरका मुटुरोग, रेडियोलोजी, हाडजोर्नी, मृगौला, स्त्रीरोग तथा मानसिक रोग सम्बन्धी विरामीहरुलाई विशेषज्ञ चिकित्सकबाट निश्चित समायवधिमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाइनेछ ।

६. अपाङ्गता भएका व्यक्ति, अति गरीब, असाहय, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका र एकल महिलाहरूलाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ। गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा उपलब्ध गराउँदा सुत्केरी तथा गर्भवतीलाई विशेष सुविधा दिइनेछ।

७. नेपाल सरकारबाट हाल प्राथमिकतामा परेका खोप सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, नवशिशु तथा एकीकृत बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा लगायतका सेवाहरुलाई प्राथमिकीकरण अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८. नेपाल सरकारको नीति अनुरुप गाउँपालिकाको अनुदानमा सबै पालीकावासीको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिदै अझ प्रभावकारी बनाउँन आवश्यक प्रबन्ध गरिनेछ ।

९. पालिकाबासी नागरिकहरुमा आयुर्वेद तथा आयुर्वेदिक औषधीहरुको महत्व बारेमा सचेतना बढाउने तथा पालिका अन्तर्गत सञ्चालनमा रहेका आयुर्वेद संस्थाहरुको सेवा प्रवाह क्षमता अभिवृद्धि गरिनेछ ।

१०. महिला स्वयंसेविकाहरुद्वारा प्रदान गरिदैं आएको सेवाको अनिवार्यता र प्रभावकारिता मनन गर्दै उनीहरुलाई आफ्नो कार्यमा अझ उत्प्रेरित हुने वातावरण निर्माण गरिनेछ ।

११. यथासमयमा स्वास्थ्य सेवा पाउने नागरिक अधिकार सुनिश्चित गर्न एम्बुलेन्सलाई निरन्तर सञ्चालन गर्दै सेवालाई अझ सहज, सरल र प्रभावकारी बनाइनेछ ।

१२. कालिका गाउँपालिकावासीलाइ निशुल्क रगत उपलब्ध गराउन नुवाकोट रेडक्रस सँग साझेदारी गरिनेछ ।

- **खेलकुद तथा मनोरञ्जन सम्बन्धी नीति**

१. बालबालिका तथा युवाको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा मनोरन्जनको महत्वलाई मनन गरी खेलमैदान निर्माणका लागि संघिय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२. राष्ट्रपति/कालिका रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताका माध्यमद्वारा प्रतिभाको पहिचान एवम् विकास र विद्यार्थीहरुको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. बालवालिका तथा युवाहरुको खेलकुद विकासमा सहयोग पुऱ्याउनका लागि खेलकुद विकास समितिको स्थापना गरी परिचालन गरिनेछ।

४. गाउँपालिकाका युवा प्रतिभाहरुलाई विभिन्न किसिमका खेल गतिविधिमा सहभागिताका अवसर प्रदान गर्दै उनिहरुको क्षमता विकासमा सयहोग गरिनेछ ।

- **लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण र सामाजिक न्याय (महिला, दलित, अदिवासी जनजाती, बालबालिका, अल्पसंख्यक, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र एकल महिला समेत) सम्बन्धि नीति**

१. अपाङ्ग, असहायहरुको मानव सेवा आश्रम संचालन गर्ने उद्देश्यका साथ कालिका गाउँपालिकाको वडा नं २ मा निर्माण सम्पन्न भएको भवनमा अपाङ्ग तथा असहाय मानव सेवा आश्रम संचालनका लागि प्रदेश सरकार र संघिय सरकार सँग आवश्यक पहल गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका जेष्ठ नागरिक, ६० वर्षभन्दा माथिका दलित जेष्ठ नागरिक र "क" वर्गका अपाङ्गता भएका व्यक्तिहरुका को सम्मानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. नेपालको संविधानले प्रत्याभूत गरेको लैङ्गिक विभेदको अन्त्य, महिलाको समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य जस्ता महिलाको आधारभूत अधिकारको सुनिश्चितताको लागि राज्यद्वारा लिइएका सबै किसिमका नीतिहरुको पालना गरिनेछ ।

४. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यको लागि सामाजिक सचेतनाका अलावा महिलाको क्षमता विकास एवम् सशक्तीकरण अत्यावश्यक भएको सन्दर्भमा उनीहरुको क्षमता एवम् व्यक्तित्व विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

५. महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याई उनीहरुको सशक्तीकरण तथा क्षमता विकास गर्न महिला उपभोक्ता तथा लाभदायीहरु मात्र सहभागितामा हुने विकास निर्माण कार्यमा विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । महिला मात्र उपभोक्ता समितिमा संलग्न भै सञ्चालन हुने गाउँपालिकाको आयोजना तथा कार्यक्रमबाट कन्टिन्जेन्सी वापतको रकम कट्टा नगरिने नीतिलाई निरन्तरता दिईनेछ ।

६. मानव वेचविखनजस्ता अपराधजन्य क्रियाकलापलाई नियन्त्रण र निरूत्साहित गर्न सरोकारवाला निकायहरुसँग कार्यगत एकता एवम् समन्वय गरिनेछ।

७. भूमिमाथी महिला स्वामित्व बढाउन राज्यले लिएको नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक चेतनामूलक कार्य गर्नुका साथै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

८. बालबालिकाहरूको पोषण, हेरचाह, बालश्रम न्युनीकरण तथा असाहाय बालबालिकाको संरक्षणमा गाउँपालिकाबाट जोड दिईनेछ । यसका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय सँग समन्वय र सहकार्य गरिनेछ ।

९. जातीय तथा लैङ्गिक आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै छुवाछुतमुक्त र विभेदरहित समाजको निर्माण गर्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. न्यायिक समितिको काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउन ईजलास निर्माण, क्षमता अभिवृद्धि तथा अन्य आवश्यकीय प्रबन्ध गरिनेछ ।

११. गाउँपालिकाले संचालन गर्ने कार्यक्रमहरुमा आदिबासी जनजाति, दलित र अपाङ्गता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सहयोगी संस्था समेतको सहयोगमा उनीहरुको पुनर्स्थापनामा विशेष सहयोग लिने नीति लिइनेछ ।

१३. गाउँपालिका क्षेत्रमा अब बन्ने पूर्वाधार सम्बन्धी सरकारी संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री, वातावरण मैत्री बनाउने नीति लिइनेछ ।

१४. गरिबी निवारणका लागि यथार्थपरक नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आगामी आ.व. भित्रमा गाउँपालिकाको प्रोफाईल तथा आवाधिक योजनालाई अद्यावधिक गरिनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

### ➢ भौतिक निर्माण सम्बन्धी नीति

१. दिगो विकासको अवधारणा अनुसार निर्माण गर्नुपर्ने एवम् वातावरणीय प्रभाव मूल्याङ्कन गरी निर्माण तथा सञ्चालन गर्नुपर्ने आयोजनाको आवश्यकता अनुसार DPR/IEE/EIA तयार गरी स्विकृत गर्ने नीति लिईनेछ ।

२. आयोजनाहरुलाई तोकिएको अवधिमा सम्पन्न हुने गरी प्रभावकारी र नतिजामूलक व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन र नियमावली एवम् गाउँपालिकाको आन्तरिक कार्यविधिमा उल्लेख भएबमोजिम समयमै खरिद गुरुयोजना/वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

३.आयोजना कुनै कारणबस ढिलो व्यवस्थापन हुने अवस्थामा बाहेक आर्थिक वर्षको चैत्र मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी आयोजना व्यवस्थापन तथा कार्यान्वयन गर्दै लगिने नीति लिईनेछ ।

४. बहुवर्षीय ठेक्कामा जानुपर्ने वा क्रमागतरुपमा केही वर्ष सञ्चालन गर्नुपर्ने आयोजनाहरुलाई स्रोत सुनिश्चित गर्ने गरी त्यस्ता आयोजनालाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने पद्धतिलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५. अधुरा तथा सम्पन्न हुन बाँकी भएका योजना तथा आयोजनाहरुलाई प्राथमिकतामा राखी आगामी आ.व.सम्पन्न गरिनेछ।

६. ठुला तथा बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्नुपर्ने आयोजनाहरुको निर्माण तथा सञ्चालनमा संघीय सरकार, प्रदेश सरकार एवम् अन्य निकायहरुँग साझेदारी र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७. प्राविधिक रुपमा जटिल तथा ठूला मेशीन उपकरण प्रयोग गर्ने आयोजनाहरु उपभोक्ता समितिबाट निर्माण गरिने छैन।

८. उपभोक्ताको तर्फबाट लागत व्यहोर्न नसक्ने आयोजनाहरुलाई ठेक्का प्रक्रियाबाट व्यवस्थापन गरिनेछ ।

९. ठेक्का व्यवस्थापनबाट निर्माण गरिने पूर्वाधार आयोजनाहरुमा विनियोजित रकम बाँकी हुन आउने भएमा सम्बन्धित वडामा खर्च गर्ने नीति अख्तियार गरिनेछ ।

१०. उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन हुने आयोजनामा पेश्की उपलब्ध नगराउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. ठेक्का प्रक्रियाबाट संचालन गरिने कार्यक्रम तथा योजनाको भुक्तानी दिदा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस अनिवार्य गर्ने नीति लिईनेछ।

१२. गाउँ सभाबाट स्विकृत योजनाहरूलाई आ.व. को चैत्र मसान्त भित्र सम्पन्न गर्ने नीति लिईनेछ ।

१३. उ.स./टो.वि.सं. बाट संचालन हुने योजनाहरूमा कम्तिमा १०% श्रमदान गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४. उ.स./टो.वि.सं. मार्फत संचालन हुने योजनाहरूको सम्झौता घुम्ती शिविर मार्फत सम्बन्धित वडा कार्यालय मै गएर गर्न आवश्यक व्यवस्थापन गर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

१५. प्रत्येक वडामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

१६. एक लाख लागत भन्दा माथिका योजनाहरूको सार्वजनिक सूचना पार्टी अनिवार्य र प्रभावकारी बनाउने नीति लाई निरन्तरता दिईएकोछ ।सूचना पाटी निर्माण गर्दा एक लाख देखि ५ लाख सम्म विनियोजन भएको पूर्वाधार आयोजनाको फ्लेक्स वोर्ड र सो भन्दा वढी विनियोजन भएको पूर्वाधार आयोजनाको टिन र फलामको सूचनापाटी राख्ने व्यवस्था मिलाईनेछ ।

१७. जटिल प्रकृतिका पूर्वाधार योजनाहरू जस्तै ह्यावि मेसिन प्रयोग हुने, धेरै सामाग्री खरिद गर्नुपर्ने (सौर्य वत्ती, झो.पु.) योजनाहरू ठेक्का प्रक्रियाबाट मात्र कार्यान्वयन गर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

१८. ठेक्का प्रक्रिया गर्दा पूर्ण रुपमा E-biding लाई कार्यान्वयनमा ल्याउने नीति लिईनेछ ।

- **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल सम्बन्धि नीति**

१. कालिका गाउँपालिकाको सबै वडा केन्द्र जोड्ने सडकलाई क्रमशः कालोपत्रे बनाउने र बाँकी सबै सडकलाई बाह्रै महिना चल्ने बनाइनुका साथै नयाँ सडकको ट्र्याक खोल्ने भन्दा पनि पुराना सडकलाई स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

२. सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरी सडक गुरु योजना निर्माण गरिनेछ ।

३ गाउँपालिकाले लगानी र फरफारक गर्नु पर्ने सबै सडक मार्गहरू सडकको केन्द्रबाट दुवैतर्फ कम्तिमा ४/४ मिटर चौडाइ हुनु पर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

४ स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

५ राजमार्ग लगायतका सडकमा व्यक्तिगत वा व्यापारिक सामान राख्ने, फोहोर पानी बगाउने गाउँपालिकाले तोकेको क्षेत्र बाहेकका स्थानमा गाडा वा अन्य कुनै साधनमा व्यापारिक सामान विक्री गर्न र चौपाया, तथा कुखुरा लगायतका वस्तु छाडा छोड्न निषेध गरिएको छ। यदि कोहि कसैले सो कार्य गरे गराएमा गाउँपालिकाले निर्धारण गरे वमोजिमको जरिवानालाई कडाइका साथ लागू गरिनेछ तथा पशु चौपाए तथा पंक्षिहरु छाडा छोडी सवारी साधनको ठक्करबाट मृत्यु भएमा सवारी धनी, मजदुर वा सवारी सम्वद्ध व्यक्तिले कुनै क्षतिपूर्ति दिनु नपर्ने र पशु पंक्षि छाडा छोड्नेलाई थप कारवाही हुने नीति अवलम्बन गरिनेछ।

६ सडक लगायतका पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्नेछ र सो कार्य गर्दा रुख तथा वनस्पति मासिन गएमा सडक वा संरचना वरपर नोक्सान भएको वनस्पति सार्नुपर्ने नीति लिइनेछ ।सो को लागि प्रत्येक सडक आयोजनाको ५ प्रतिशत बजेट हरियाली प्रवर्द्धनमा विनियोजन गरी कार्यविधि बनाएर सो बजेट कार्यान्वयन गर्ने नीति लिईनेछ ।

७ सडकमा वर्षाको समयमा पहिरोले दुख दिइरहने क्षेत्रमा बायो इञ्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ।

८ यस गाँउपालिका भित्र पर्ने पासाङ ल्हामु राजमार्ग लगायतका स्थानमा गएका ठुला पहिरो नियन्त्रण गर्न र पहिरोलाई जनताको सहभागितामा रोकथाम गर्न आवश्यकता अनुसार सरोकार समितिहरु गठन गरी सम्वन्धित निकायमा दवाव समेत सृजना गरिनेछ।

- **खानेपानी तथा सरसफाइ सम्बन्धि नीति**

१. नागरिकको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न खानेपानीका स्रोतहरुको संरक्षण तथा सम्बर्धन गरिनुका साथै खानेपानी वितरण व्यवस्थालाई प्रभावकारी बनाउन वागमती प्रदेश सरकार र खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरिनेछ ।

२. ग्रामीण स्तरमा विद्यमान खानेपानीको समस्या समाधानका लागि सा-साना मुहानको संरक्षण तथा त्यसबाट खानेपानी वितरण हुनेगरी सा-साना आयोजना सञ्चालनमा ल्याइनेछ।

३. गाउँपालिकालाई स्वच्छ र सफा बनाउन विगतदेखि नै सुरु गरिएको फोहोरमैला व्यवस्थापन कार्यमा वडा समितिहरुलाई जिम्मेवार बनाई वडा वडामा फोहोर व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गर्न प्रारम्भ गर्नुका साथै हाल उपयोगमा रहेको फोहोर सङ्कलन तथा वर्गीकरण केन्द्रमा सबै वडाबाट नकुहिने फोहर ल्याई सो को वर्गिकरण गरी व्यवस्थित बनाइनेछ।

४. फोहोर व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न घरेलु तथा व्यवसायजन्य फोहोरको स्रोतमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

५. प्रदुषकले तिर्नुपर्ने सिद्धान्तको अबलम्वन गर्दै तोकिए बमोजिम बाहेक फोहोर गर्ने एवम् पालिकाको वातावरणमा नकारात्मक असर पुऱ्याउने हानिकारक क्रियाकलाप गर्ने नागरिकलाई दण्डित गर्ने नीति अख्तियार गरिनेछ।

६. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी वितरणको ब्यवस्था मिलाइनेछ ।

७. नौकुण्ड लगायत विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

८. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

९. बजार सरसफाई समिति/टोल विकास संस्था/सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१०. शुन्य फोहर प्रणाली कायम गर्न फोहरमैला संकलन तथा प्रशोधन केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग गरिनेछ ।

११. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

१२. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्न पहल तथा सहकार्य गरिनेछ।

१३. गाउँपालिका मुख्य स्थानहरुमा स्थापना गरिएको शिशा तथा फलाम जन्य फोहर संकलन घरलाई व्यवस्थित गरी अगाडी बढाइनेछ।

१४. खानेपानी प्रयोग र चुहावटलाई व्यवस्थित गर्न क्रमश स्मार्ट वाटर मिटर जडान गरी शुल्क उठाउने प्रणाली लागु गरिनेछ ।

## ➢ सिँचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धि नीति

१. कालिका गाउँपालिका क्षेत्रभित्र सिञ्चित क्षेत्र बृद्धि गरिनुका साथै जलश्रोतको बहुउद्देश्यि प्रयोगमा प्राथमिकता दिइनेछ ।

२. गाउँपालिका भित्र विगत आ.व.हरुमा गाउँपालिका तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु बाट निर्माण सम्पन्न भै संचालनमा रहेका सिंचाईहरुको अभिलेख व्यवस्थापन गरी दिगो विकासका लागि संघिय सरकार र प्रदेश सरकार सँग सहकार्य गरिनेछ ।

३. कालिका गाउँपालिका भित्रको सबै वडाहरुको नदि नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु तयार गरी आवश्यक सहयोगका लागि प्रदेश सरकार र संघिय सरकार सँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

## ➢ भवन तथा सहरी विकास सम्बन्धि नीति

१. भवन निर्माण सम्बन्धी संघीय सरकारले तयार गरेको मापदण्ड तथा संहिताको पालना गर्दै गाउँपालिकाभित्र बन्ने घरहरुको अनिवार्य नक्सापास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्रका घरहरुको अभिलेख तयार गर्ने वार्षिक रुपमा घरधुरी कर निर्धारण गरी घरधुरी कर उठाउने व्यवस्था गरिनेछ ।

३. कालिका गाउँपालिका केन्द्र वरिपरि निर्माण हुने संरचनको सुधार गर्दै सो क्षेत्रमा सानो शहरको रुपमा विकास गर्न आवश्यक डिजाइन तयार गरि सुन्दर शहर निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिकाको बाँकी वडाहरुको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ । आगामी २ वर्ष भित्रमा वडा नं ४ र ५ को वडा भवन निर्माण सम्पन्न गर्ने नीति लिइनेछ ।

## ➢ उर्जा, लघु तथा साना जलविद्युत् (वैकल्पिक उर्जा समेत) सम्बन्धि नीति

१. गाउँपालिका भित्रको सबै वडामा नेपाल विद्युत प्राधिकरण मार्फत विस्तार भएको विद्युतीकरणमा आवश्यक मर्मत सम्भार तथा सुधारका लागि विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरिनेछ ।

२. सबै बजार क्षेत्रहरुमा सडक वत्ती व्यवस्थापनका लागि सम्बन्धित निकायहरु सँग सहकार्य र समन्वय गरिनेछ ।

३. नविकरणीय तथा बैकल्पिक उर्जा उत्पादन र प्रवर्द्धन जोड दिइनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र सौर्य बत्तिको नभएको थप सार्वजनिक स्थानहरुमा आगामी आर्थिक वर्ष सङ्घ र प्रदेश सरकारको सहकार्यमा सौर्य बत्ति जडान गरिनेछ।

## "समृद्ध कालिकाको आधार, शिक्षा, स्वास्थ्य र पूर्वाधार"

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

१. संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन–वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गर्न प्रदेश सरकार र सघिय सरकार संग समन्वय तथा सहकार्य गरिनेछ ।

२. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न विकासका सबै चरणहरुमा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइनेछ । रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेकोले सो सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

३. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्र ताथ बस्तीमा प्रकोपको जोखिमलाई न्युनीकरण गर्न प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्थापन गरी प्रकोप व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ।

४. विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षणलाई विशेष महत्व दिइनेछ ।

५. सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण गर्ने तथा उपयुक्त स्थानलाई हरियाली पार्कको रुपमा समेत विकास गरिने नीति लिइनेछ ।

६. बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनुको साथै ढल निकासको व्यवस्था गरिनेछ ।

७. महामारीको रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ।

८. एक वडा एक हेलिप्याड र एक वडा एक खुल्ला क्षेत्र निर्माण गर्न तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

९. विपद् प्रतिकार्य तथा खोज तथा उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक जनशक्ती तयार गरी परिचालन गर्न सुरक्षा निकाय तथा जिल्ला विपद् व्यवस्थापन समिति सँग सहकार्य र समन्वय गरिनेछ ।

१०. विपद् पश्चात राहत तथा उद्धारका लागि गरिने आर्थिक तथा वस्तुगत सहयोगमा एकद्धार कायम गर्न संघ तथा प्रदेश सरकार सँग नबाझिने गरी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. विपद् सम्बन्धि सम्पूर्ण सूचनाको अभिलेखीकरण गर्नुका साथै सूचना प्रवाह लागायत संघिय विपद् व्यवस्थापन ऐन बमोजिमको सम्पूर्ण कार्य गर्न गराउनका लागि इलाका प्रहरी कार्यालय कालिकास्थान सँगको सहकार्यमा एक स्थानीय आपतकालिन कार्य सँचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ ।

१२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु सँगको समन्वय र सहकार्यमा जलवायु अनुकुलन सम्बन्धि स्थानीय अनुकुलन योजना निर्माण गरी कार्यान्वयमा ल्याउने नीति लिइनेछ ।

१३. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्न विभिन्न निकाय सँग सहकार्य गरिनेछ।

१४. ठूला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१५. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

१६. संघिय सरकार तथा प्रदेश सरकार सँगको सहकार्य र सहयोगमा पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

१७. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

१८. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१९. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

२१. प्रकोप/विपद् व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति

### ❖ सामान्य सेवा प्रवाह सम्बन्धि नीति

१. गाउँपालिका कार्यालयलाई आगामी आ.व. नयाँ भवनमा स्थानान्तरण गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ।

२. गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरणमा निरन्तरता दिदै सूचना प्रविधिको प्रयोग गरी क्रमश प्रविधिमैत्री बनाउदै लगिनेछ ।

३. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको डिजिटल नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४. प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यविवरणको आधारमा कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डको नीति लिइनेछ । साथै कार्यरत कर्मचारी मध्ये वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

५. कर्मचारीमा रहेको दोहोरो तेहरो सुविधा लिने प्रचलनलाई क्रमशः निरुत्साहन गरिनेछ तर कामकोचाप हेरी प्रोत्साहन गर्ने नीतिलाई भने निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाको कार्य सम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी र मितव्ययी बनाउन कामको चाप तथा उपलब्ध बजेट स्रोतको आधारमा संघिय सरकार तथा प्रदेश सरकारको सहयोगमा संचालित आयोजना/कार्यक्रमहरुको कर्मचारी दरबन्दी कटौती गरिनेछ ।

७. उपलब्ध बजेट स्रोतका आधारमा लामो समयदेखि गाउँपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुलाई निजको कार्यबोझ तथा कार्य सम्पादनको आधारमा संघिय सरकारको श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउँदै क्रमश नेपाल सरकारले तोकेको तलव स्केल बराबरको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउँदै जाने नीति लिइएको छ ।

८. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेयिहता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूति दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह सरल र प्रभावकारी गराईने छ।

९. गाउँपालिकाबाट संचालन गर्ने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न र सवै वडाहरुबाट सम्पादन गरिने कामलाई एकरुपता कायम गर्न कार्यक्रम कार्यन्वयन कार्यविधि वनाई लागू गर्नुका साथै चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरेर जनताको जनमत बुझ्ने मेकानिजम तयार गरिनेछ।

१०.समय समयमा घुम्ती सेवाको माध्यमबाट सेवालाई नागरिकको पहुँचमा पुऱ्याइनेछ।

११.गाउँपालिका प्रवाह गर्ने सेवाको चापको आधारमा आगामी आ.व. मन्त्रालयले उपलब्ध गराएको न्यूनतम शर्त तथा मापदण्ड सँग नबाझिने गरी गाउँपालिकाको संगठन संरचना र दर्वन्दी तेरिजमा आवश्यक अध्ययन सहित हेरफेर गरी कार्यान्वयनमा ल्याउने नीति लिईनेछ ।

### ❖ संचार तथा सूचना प्रविधि सम्बन्धि नीति

१. गाउँपालिकाले प्रदान गर्ने सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन डिजिटल कालिका गाउँपालिका बनाउने तर्फ कार्य सूरु भएकोले क्रमश पेपर लेस र लेस पेपर तथा अनलाईन प्रविधिको प्रयोग गरी नो फेस भन्ने अवधारणालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

२. कर्मचारीहरुलाई प्रविधि मैत्री बनाउन तथा सूचना प्रविधिको सही उपयोगको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

३. गाउँपालिका र अन्तरगतका कार्यालयहरु विद्यालयहरुमा समेत ई हाजिरी प्रणाली जडान चालु आ.व. मै सम्पन्न भैसकेको हुनाले पूर्ण रुपमा ई हाजिरी प्रणालीको कार्यान्वयन गर्ने गरी आवश्यक अनुगमनको संयन्त्र निर्माण गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणाली मार्फत संचालनमा आईसकेको सन्दर्भमा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै क्रमश अन्य सेवाहरुलाई समेत अनलाईन प्रणालीमा लैजाने नीति लिईनेछ।

५. गाउँपालिकाको सबै क्षेत्रमा मोबाइल सेवाको गुणस्तर बढाउन सम्बन्धित निकायमा पहल गरिनुको साथै टेलिफोन लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

६. कालिका गाउँपालिकाको कार्यलय परिसर तथा गाउँपालिकाले बजार तथा सार्वजनिक रुपमा मानिसको जमघट हुने स्थान पिकनिक स्पोर्ट, अस्पताल, विद्यालय वरपर फ्रि वाइफाई सेवासञ्चालनलाई निरन्तरता दिईनेछ।

७. गाउँपालिका अन्तरगतका सबै वडा कार्यालय/सामुदायिक विद्यालयहरुमा इन्टरनेट पहुँच पुर्‍याई विद्युतीय माध्यमबाट सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ ।

८. राज्यको चौथो अंग पत्रकारिता मार्फत् अनुगमन, सार्वजनिकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

९. सूचना प्रविधिको प्रयोग गरी लेस पेपर तथा पेपर लेस सेवा प्रवाहमा जोडर्दिंदै गाउँपालिकाद्धारा प्रवाहहुने सेवाहरु क्रमश सूचना प्रविधिमा आधारित बनाई नो फेस सेवा प्रवाहमा पुग्ने नीति लिईनेछ ।

१०.गाउँपालिका मार्फत प्रवाह भएका सम्पूर्ण क्रियाकलापहरुलाई पारदर्शी र सुशासनयुक्त बनाउन मासिक/त्रैमासिक/अर्धवार्षिक/ वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकाको वेभ साईट/फेसबुक पेज र सूचना पाटी मार्फत सार्वजनिक गर्ने नीति लिईनेछ ।

### ❖ पञ्जिकरण व्यवस्थापन सम्बन्धि नीति

१. सूचना प्रविधिको उपयोगबाट पञ्जिकरणको अनलाइन प्रविष्टीको व्यवस्थालाई अझै प्रभावकारी बनाउँदै लगिनेछ ।

२. वडाबाट हुने व्यक्तिगत घटना दर्ताको प्रतिवेदन समयमै वा गाउँपालिका आउने र गाउँपालिकाले पनि तोकिएको अवधिमै सम्बन्धित निकायमा पठाउने व्यवस्थालाई अझै प्रभावकारी बनाउँदै लगिनेछ ।

### ❖ सुशासन प्रवर्द्धन सम्बन्धि नीति

१. सार्वजनिक खरिद प्रक्रियालाई थप प्रभावकारी बनाउन एकिकृत खरिद प्रणाली व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२. सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र जनउत्तरदायी बनाउन सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम लगायत शुसासनका आयमहरुको भरपुर उपयोग गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गर्ने निति लिईनेछ ।

४. सेवा प्रवाहको बारेमा सूचना दिनको लागि सूचना अधिकारी तोकिने र सेवाको सम्बन्धमा जानकारी उपलब्ध गराउन सोधपुक्ष कक्ष तथा सहायता कक्षको व्यवस्था गर्नुका साथै गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

६. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि र वेवसाइटमा प्रकाशित गरिनेछ ।

७. गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्यविधि बनाई उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कृत गर्ने निति लिईनेछ । साथै गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई स्वयंसेवकको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखि प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१०. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने योजना कार्यान्वयन, लेखा व्यवस्थापन, नक्सा पास, राजश्व संकलन, दर्ता चलानी, सिफारिस लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

११. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो कालिका गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई लिईनेछ ।

१२. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा गाउँपालिकाको आन्तरिक स्रोतको आधारमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्न प्रयास गर्ने नीति लिइनेछ।

१३. नगरिकको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन पालिका र वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान कार्य क्रमश गर्दै लगिनेछ ।

१४. गाउँपालिकाको संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरेर स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१५. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्री भण्डारण र सडको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन गरिनेछ।

१६. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१७. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१८. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ❖ राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत नदि जन्य पदार्थ बिक्रि तथा वितरण सम्बन्धी संघिय सरकार र प्रदेश सरकारको ऐन तथा नियमावली र मापदण्ड कार्यान्वयन गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गर्न आवश्यक पहल गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. अव्यवस्थित वसोवासीहरु तथा विर्ता जग्गा उपभोग गर्नेहरुको लगत तयार गरी तिनीहरुलाई करको दायराभित्र ल्याईनेछ ।

१०. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

## ➢ भूमी तथा भूमिहिन र सुकुम्वासी सम्बन्धि नीति

१. भू उपयोग योजनालाई अन्तिम रुप प्रदान गरी जग्गा वर्गीकरणको कार्यलाई सम्पन्न गरी कार्यान्वयनमा ल्याईनेछ ।

२. जग्गाको अभिलेख व्यवस्थापन सम्बन्धि प्रणाली विकासका लागि सम्बन्धित निकाय मालपोत र नापि कार्यालयहरु सँग आवश्यक समन्वय र सहकार्य गरी सबै जग्गाको सूचना प्रणाली विकास गरि विर्ता तथा गुठी जग्गाको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

३. भूमी वैकको स्थापना गरी जग्गा भाडामा लिई व्यवसाय गर्न ईच्छुक स्थानीय तथा वाह्य व्यवसायीहरुको जानकारीको लागि सूचना प्रवाह गरिनेछ ।

४. उत्पादनमा आधारित कृषि अनुदान प्रदान गर्न आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. बाँझो जग्गाको अभिलेख तयार गरी सामुहिक तथा सहकारी खेती प्रणालीका लागि बाँझो जग्गा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

६. भूमिको चक्लाबन्दी सम्बन्धि संघिय सरकार र प्रदेश सरकारको नीतिलाई कार्यान्वयनमा ल्याईनेछ ।

७. गाउँपालिका भित्रको जग्गाको नापीका लागि सम्बन्धित निकाय सँग सहकार्य र समन्वय गरी हालसावी गराउने प्रणाली गाउँपालिकामा कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

८. यस गाउँपालिकाकामा वसोवास गर्ने सुकुम्बासीको पहिचान गरी सुकुम्बासी लक्षित कार्यक्रमहरु संचालन गरिनुका साथै द्वैध स्वमित्वमा रहेका जग्गाहरुलाई किसानको नाममा दर्ता गर्न पहल गरिनेछ र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न आवश्यक कार्यहरु संचालन गरिनेछ।

९. सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने नीति लिइनेछ ।

## ➢ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

## विविध

१. "मेरो गाउँ म बनाउँछु" भन्ने नीतिका आधारमा सबै वडाहरूले विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइनेछ ।

२. गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर–सरकारी संस्थाहरूको लगानीलाई एकद्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । गैर सरकारी संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न विशेष संयन्त्र बनाउने नीति लिइनेछ ।

३. गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा गाउँपालिकाको गतिविधि समेटिने गरि मासिक बुलेटिन प्रकाशन गरिनेछ ।

४. गाउँपालिकालाई क्रमश विद्युतिय उपकरण मैत्री गाउँपालिका बनाउने नीति लिइनेछ ।

५. गाउँपालिका भित्रका सबै नागरिकहरुलाई आवश्यक रगतको सुनिश्चितताको लागि नुवाकोट रेडक्रस मार्फत ब्लडबैंक स्थापनाका लागि साझेदारी गर्ने निति लिईनेछ ।

६. गाउँपालिकावासीको शव ढुवानीका लागि निशुल्क शव वहान संचालन गरिने नीति लिईएको छ ।